धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल असोज महिना २१ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय मनहरीबाट तपशिलमा उल्लेखित ऋणीले व्यवसायीक अधिविकर्ष कर्जा र व्यवसायीक आवधीक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएको ले धितो लिलाम बिक्री सम्बन्धी यो ७(सात) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ७ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

तपशिल

ऋणीको विवरण

नाम : **रेहान मोबाईल सप्लायर्स** प्रोप्राइटरको नाम : नुरजहा खातुन प्रा.फ.र.नं. : २३२४/१४०३/०७७/०७८
दर्ता मिति : २०७७/०७/१९ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, प्रदेश नं. ३
रजिष्टर्ड ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. १ स्थायी लेखा नं. : ६१४१७७८१५

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) मसलीमको छोरी मिहसन मिया धुनियाको बुहारी मुना आलमको पत्नी पर्सा जिल्ला पकहा मैनपुर गा.वि.स. वडा नं. ५ हाल, मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. १ बस्ने **नुरजहा खातुन** (ना.प्र.नं. : ३४-०१-७५-०२२६४ जारी मिति र जिल्ला : २०७५/०२/१८, पर्सा)

२) हनिप मिया धुनियाको नाति मिहसन मिया धुनियाको छोरा पर्सा जिल्ला सबैठवा गा.वि.स वडा नं. १ हाल, मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. १ बस्ने **मुना आलम** (ना.प्र.नं. : ३४१०६८/३१२ जारी मिति र जिल्ला : २०६८/०९/०३, पर्सा)

यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :
मिति २०८०/११/१० को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने
मिति २०८१/०१/२४ को नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम विक्रि सम्बन्धी २१ दिने
मिति २०८३/०४/१३ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम विक्रि सम्बन्धी १५ दिने

धितो सुरक्षण सम्बन्धी विवरण : निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

धितोधनीको नाम	धितोको ठेगाना	सिट नं.	कित्ता नं.	क्षेत्रफल (ब.मि)
मुना आलम	मकवानपुर जिल्ला हेटौडा न.पा वडा नं. ११	११	४२६७	०-०-१२

शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८३ साल असोज महिना २७ गते मंगलबार भित्र यस बैंकको शाखा कार्यालय मनहरी आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।

२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।

३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।

४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।

५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल असोज महिना २८ गते बुधबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय मनहरीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिस्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।

९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Central Office: Lazimpat, Kathmandu
Tel.: 01-5970887
Toll Free No.: 16600149999 (NTC), 18102149999 (Ncell)
E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ